# गौमुल गाउँपालिका

## घट्मुना, बाजुरा

## सुदुरपश्चिम प्रदेश नेपाल

# स्थानीय राजपत्र

## गौमुल गाउँपालिकाद्धारा प्रकाशित

*खण्ड २ अंक ०९ २०७५ चैत्र १२ गते मंगलवार*

# भाग २

गौमुल गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७५/१२/१२ गतेको बैठकबाट स्विकृत भएको **"गौमुल गाउँपालिकाको विद्यालयमा दरवन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधि २०७५"** स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागी देहायबमोजिम प्रकाशित गरिएको छ ।

# गौमुल गाउँपालिकामा विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधी २०७५

## प्रस्तावनाः

गाउँपालिका भित्र रहेका विद्यालयहरुलाई सबै प्रकारले व्यवस्थीत गर्न विद्यालयको दरबन्दी मिलानमा शिक्षकहरुको समायोजन गर्न अति आवश्यक देखिएकाले नेपालको संविधानको भाग १८ को धारा २२१ र २२६, स्थानीय सरकार सचालन ऐन २०७४ को परिच्छेद ३ को धार ११ को (ज) को ११ र गाउँपालिका शिक्षा ऐन २०७४ को दफा २६ को १,२,३ मा भएको व्यवस्थालाई प्रयोग गर्दे गाउँकार्यपालिकाको मिती २०७५ चैत्र ११ गते बसेको बैठकले “विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधी २०७५” बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधीको नाम “विद्यालयमा दरबन्दी मिलान तथा शिक्षक समायोजन कार्यविधी २०७५”रहेकोछ ।

(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा -

क) गाउँपालिका भन्नाले-गौमुल गाउँपालिका सम्झनु पर्छ ।

ख) संविधान भन्नाले -नेपालको संविधान २०७२ सम्झनु पर्छ ।

ग) स्थानीय सरकार सचालन ऐन भन्नाले - स्थानीय सरकार सचालन ऐन २०७५ सम्झनु पर्छ ।

घ) अध्यक्ष भन्नाले - गाउँपालिका अध्यक्ष तथा गाउँपालिका शिक्षा समितिको अध्यक्ष समेतलाई सम्झनु पर्छ ।

ङ) शिक्षा समिति भन्नाले - गाउँपालिका शिक्षा समिती भन्ने सम्झनु पर्छ ।

च) शिक्षा अधिकृत भन्नाले -गाउँपालिका शिक्षा शाखामा रहने शिक्षा शाखा प्रमुख तथा अधिकृत सम्झनु पर्छ ।

छ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले -गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

ज) शाखा भन्नाले - गाउँपालिका शिक्षा शाखा सम्झनु पर्छ ।

झ) शिक्षक भन्नाले- स्थायी,अस्थायी ,दरबन्दी करार र राहात शिक्षक सम्झनु पर्छ ।

ञ) समायोजन भन्नाले -बिधालय दरबन्दी मिलान गर्न तथा बिषयगत शिक्षक मिलान गर्ने कार्य सम्झनु पर्छ ।

ट) सरुवा भन्नाले -शिक्षकहरुलाई एक विधालयबाट अर्को विद्यालयमा पठाउने कार्यलाई सम्झनु पर्छ ।

**३. दरबन्दी मिलान तथा शिक्षक सरुवा सम्बन्धी व्यवस्था :** गाउँपालिका भित्र रहेका विद्यालयहरुमा कतीपय ठाउँमा एउटै बिषयका बढी र कतिपय ठाउँमा नभएको र लामो समय देखी एउटै विद्यालयमा अध्यापन गरिरहेको अवस्थालाई बदली शैक्षिक क्षेत्रमा परिवर्तन गर्न निम्नानुसारको दरवन्दी मिलान तथा सरुवा सम्बन्धी व्यवस्था गरिएकोछ :

क) गाउँपालिका भित्र रहेका सबै विद्यालयमा उपलब्ध बिषयगत जनशक्तिलाई मिलान गर्ने कार्य आगामी असार मसान्त भित्र सम्पन्न गरिनेछ ।

ख) लामो समय देखी एउटै बिद्यालयमा अध्यापन गरिरहेका शिक्षकहरुलाई सरुवा गर्दा अनुसुचि १ बमोजिमको फाराम भर्न लगाई प्राथमिकरणका आधारमा गरिनेछ ।

ग) सरुवा स्थायी,अस्थायी,करार र राहातलाई गरिनेछ । तर निजी शिक्षकहरुको हकमा लागु हुने छैन ।

घ) घरपायक कसैलाई पनि सरुवा गरिनेछैन । तर अपाङ्गता भएका शिक्षकहरुको हकमा लागु हुनेछैन ।

ङ) बिषयगत शिक्षक सबै विद्यालयमा पुर्ति गर्नका लागि अधिकतम प्रयास गरिनेछ । यदी अपुग भएमा विद्यार्थी संख्या तथा संचालित कक्षा ग्रेड लाई आधार मानी मिलान गरिनेछ ।

च) शिक्षक सरुवा बिषयगत र ज्येष्ठताका आधारमा गरिनेछ । समायोजन फाराम सबै शिक्षकहरुले अनिवार्य भर्नुपर्ने छ ।

छ) शिक्षक सरुवा फाराम नभर्ने तथा अटेरी गर्नेलाई गाउँपालिका शिक्षा समितिको अध्यक्षको परामर्शमा शिक्षा शाखा प्रमुखले सिधै सरुवा गर्न सक्नेछ ।

ज) सरुवा सम्बन्धि अन्य कुनै व्यवस्था गर्नु पर्ने भएमा गाउँ कार्यपालिकाबाट आवश्यक निर्णय गरी शिक्षा समितिलाई निर्देशन दिन सक्नेछ ।

# अनुसुची १
# गौमुल गाउँपालिका
# घटमुना बाजुरा
# शिक्षक समायोजन फाराम २०७५

१.शिक्षकको नाम :

२.स्थायी ठेगाना :

३.हालको कार्यरत विद्यालयको नाम :

४.तह :

५.विषय :

६.शैक्षिक योग्यता :

७.नियुक्ती मिती :

८.हालको विद्यालयमा कार्यरत रहेको अवधि :

९. तल दिइएको फाराम भर्नुहोला

| क. स. | विद्यालयको नाम | प्राथमिकरण गर्नुहोस |
|---|---|---|
| १ | श्री अम्लिश मावि गौमुल १ | |
| २ | श्री महादेव आधारभूत विद्यालय गौमुल १ | |
| ३ | श्री दुर्गाली आधारभूत विद्यालय गौमुल १ | |
| ४ | श्री प्रभात आधारभूत विद्यालय गौमुल १ | |

| | | |
|---|---|---|
| ५ | श्री जनज्योती मावि गौमुल २ | |
| ६ | श्री फूलपाटा मावि गौमुल २ | |
| ७ | श्री पदमपूर आधारभूत विद्यालय गौमुल २ | |
| ८ | श्री हिमशिखर आधारभूत विद्यालय गौमुल २ | |
| ९ | श्री वालविकास मावि गौमुल ३ | |
| १० | श्री कैलाशकोट आधारभूत विद्यालय गौमुल ३ | |
| ११ | श्री गर्जे आधारभूत विद्यालय गौमुल ३ | |
| १२ | श्री पाते आधारभूत विद्यालय गौमुल ३ | |
| १३ | श्री थुमथला आधारभूत विद्यालय गौमुल ३ | |
| १४ | श्री धर्मोदय आधारभू विद्यालय गौमुल ३ | |
| १५ | श्री कीर्तिचौर मावि गौमुल ४ | |
| १६ | श्री सत्य आधारभूत विद्यालय गौमुल ४ | |
| १७ | श्री मानाकोट मावि गौमुल ५ | |
| १८ | श्री कैलाश आधारभूत विद्यालय गौमुल ५ | |
| १९ | श्री जीवज्योती आधारभूत विद्यालय गौमुल ५ | |
| २० | श्री घटाल आधारभूत विद्यालय गौमुल ६ | |
| २१ | श्री देवस्थली आधारभूत विद्यालय गौमुल ६ | |

| | | |
|---|---|---|
| २२ | श्री नवज्योती आधारभूत विद्यालय गौमुल ६ | |
| २३ | श्री सरस्वती आधारभूत विद्यालय गौमुल ६ | |

विद्यालयको छाप : शिक्षकको हस्ताक्षर :

प्रधानाध्यापकको हस्ताक्षर :

नाम :

**आज्ञाले**

**गोपालचन्द्र भण्डारी**

**नि प्रमुख प्रशासकिय अधिकृत**